# नेपाल विद्युत प्राधिकरण

## नेपाल बिद्युत प्राधिकरणका पदाधिकारी एवं दक्ष/बिज्ञ र कर्मचारीहरुको आचार संहिता, २०७६

**प्रस्तावना:** नेपाल बिद्युत प्राधिकरण, खुला प्रतियोगिता सम्बन्धी कार्यबिधि, २०७६ को दफा ४० ले दिएको अधिकार  प्रयोग गरी पदपुर्ति समितिले यो आचार संहिता बनाई जारी गरेको छ ।

**१.** **संक्षिप्त नाम र प्रारम्भ:**

१.१ यो आचारसंहिताको नाम "नेपाल विद्युत प्राधिकरणका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचारसंहिता, २०७६ रहेको छ ।

१.२ यो आचारसंहिता स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२.** **परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस आचारसंहितामा**

२.१ "आचारसंहिता" भन्नाले नेपाल विद्युत प्राधिकरणका पदाधिकारी एवं दक्ष/बिज्ञ र कर्मचारीहरुको आचार संहिता, २०७६ सम्झनु पर्दछ ।

२.२ "कर्मचारी" भन्नाले प्राधिकरणमा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ र सो शब्दले पदपूर्तिको काममा खटिएका वा परीक्षा सञ्चालन वा अन्य प्रयोजनका लागि खटाईएका अन्य निकायका कर्मचारी वा व्यक्तिलाई समेत जनाउँछ ।

२.३ "दक्ष/बिज्ञ" भन्नाले पदपुर्ति सम्बन्धी कार्यमा संलग्न व्यक्तिलाई सम्झनु पर्छ ।

२.४ "नाता सम्वन्ध" भन्नाले बाबु आमा, सौतेनीआमा, पति, पत्नि, आफ्नै दाजु, भाउजु, भाइ, भाइबुहारी, छोरा, छोराबुहारी, दिदी, भिनाजु, वहिनी, वहिनीज्वाइ, छोरी, छोरीज्वाइ, नाति, नातिनी, नातिनी बुहारी, नातिनी ज्वााइ, भान्जा, भान्जी, भान्जीबुहारी, भान्जी ज्वाइ, ठुलाबा, ठुलीआमा, काका, काकी, मामा, माईजु, फुपु, फुपाजु सानाबा, सानीआमा, भतिजा, भतिजी, भतिजाबुहारी, भतिजी ज्वाईलाई र पति वा पत्नीको उल्लेखित नाताको व्यक्तिलाई समेत जनाउँछ ।

२.५ "पदाधिकारी" भन्नाले समितिका अध्यक्ष र सदस्यहरुलाई सम्झनु पर्छ ।

२.६ "महाशाखा" भन्नाले नियुक्ति सिफारिस तथा बढुवा सिफारिस महाशाखालाई सम्झनु पर्दछ ।

२.७ "समिति" भन्नाले विनियमावली बमोजिमको पदपूर्ति समितिलाई सम्झनु पर्छ ।

२.८ "विनियमावली" भन्नाले नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा शर्त विनियमावली २०७५ लाई सम्झनुपर्दछ ।

**३.** **आचारसंहिता लागु हुने पदाधिकारी एवं दक्ष/बिज्ञ र कर्मचारी:**

३.१ देहायका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुका हकमा यो आचारसंहिता लागु हुनेछ ।

(क) समितिका पदाधिकारीहरु,

(ख) दक्ष/बिज्ञहरु,

(ग) प्राधिकरणका कर्मचारीहरु,

(घ) समितिबाट अधिकार पाएका पदाधिकारी वा अन्य निकायका कर्मचारीहरु,

(ङ) समितिका तर्फबाट गरिने कार्यमा समितिले खटाएका ब्यक्तिहरु ।

## ४. दक्ष/बिज्ञले पालना गर्नुपर्ने आचरण:

### ४.१ प्रश्नपत्र निर्माण गर्ने दक्ष/विज्ञले पालना गर्नु पर्ने आचरण:

४.१.१ प्रश्नपत्र निर्माण गर्दा गोप्य रुपमा गर्नु पर्नेछ ।

४.१.२ कुन पद, श्रेणी वा बिषयको प्रश्नपत्र निर्माण गर्न दिएको हो सो कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा ब्यक्त गर्न हुदैन ।

४.१.३ प्रश्नपत्र निर्माण गर्दा बनाएको टिप्पणी एवं खेस्रा नष्ट गर्नु पर्नेछ ।

४.१.४ प्रश्नपत्र निर्माणकर्ताले आफुले बनाएको प्रश्नपत्रको प्रतिलिपी आफुसंग राख्नुहुदैन ।

४.१.५ जुन पदको प्रश्नपत्र निर्माण गर्न दिएको हो सो पदको परीक्षामा आफ्नो नाता सम्वन्ध भएका ब्यक्ति उम्मेदवार रहेको ब्यहोरा जानकारी हुन आएको अबस्थामा प्रश्नपत्र निर्माण गर्न हुदैन ।

४.१.६ प्राधिकरणद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन, संयोजन तथा अध्यापन कार्यमा संलग्न हुनु हुदैन ।

### ४.२ प्रश्नपत्र परिमार्जन गर्ने दक्ष/विज्ञले पालना गर्नु पर्ने आचरण:

४.२.१ प्रश्नपत्र परिमार्जन गर्दा गोप्य रुपमा गर्नु पर्नेछ ।

४.२.२ कुन पद, श्रेणी वा बिषयको प्रश्नपत्र परिमार्जन गर्न दिएको हो सो कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा ब्यक्त गर्न हुदैन ।

४.२.३ प्रश्नपत्र परिमार्जन गर्दा बनाएको टिप्पणी एवं खेस्रा नष्ट गर्नु पर्नेछ ।

४.२.४ प्रश्नपत्र परिमार्जनकर्ताले आफुले परिमार्जन गरेका प्रश्नपत्रको प्रतिलिपी बनाउनु हुदैन ।

४.२.५ जुनपदको प्रश्नपत्र परिमार्जन गर्न दिएको हो सो पदको परीक्षामा आफ्नो नाता सम्वन्ध भएका ब्यक्ति उमेदवार रहेको ब्यहोरा जानकारी हुन आएको अबस्थामा प्रश्नपत्र परिमार्जन गर्न हुदैन ।

४.२.६ प्राधिकरणद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन, संयोजन तथा अध्यापन कार्यमा संलग्न हुनु हुदैन ।

### ४.३ उत्तरपुस्तिका परीक्षण गर्ने दक्ष/विज्ञले पालना गर्नु पर्ने आचरण:

४.३.१ जुन पद वा विषयको उत्तरपुस्तिका परीक्षण गर्न दिएको हो सो कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा ब्यक्त गर्न हुदैन ।

४.३.२ जुन पदको उत्तरपुस्तिका परीक्षण गर्न दिईएको हो सो पदको परीक्षामा आफ्नो नाता सम्वन्ध भएका ब्यक्ति उम्मेदवार रहेको ब्यहोरा जानकारी हुन आएको अबस्थामा उत्तरपुस्तिका परीक्षण गर्न हुदैन ।

४.३.३ उत्तरपुस्तिका परीक्षण गर्दा प्रदान गरिएको अंक कहिँ कतै ब्यक्त गर्न हुदैन ।

४.३.४ प्राधिकरणद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन, संयोजन तथा अध्यापन कार्यमा संलग्न हुनु हुदैन ।

**४.४ प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताकर्ताले पालना गर्नु पर्ने आचरण:**

४.४.१ नाता सम्वन्ध भएका ब्यक्ति उमेदवार भएमा सो समूहको प्रयोगात्मक परीक्षा र अन्तवार्ता परीक्षामा बस्नु हुदैन ।

४.४.२ प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुनुभन्दा अघि त्यस्तो परीक्षामा आफु संलग्न हुने कुरा कहीं कतै ब्यक्त गर्न हुदैन ।

४.४.३ प्रयोगात्मक परीक्षा र अन्तर्वार्तामा अंक प्रदान गरेको कुरा कहीं कतै ब्यक्त गर्न हुदैन ।

४.४.४ प्राधिकरणद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन, संयोजन तथा अध्यापन कार्यमा संलग्न हुनु हुदैन ।

**४.५ समितिमा तोकिएका दक्ष/विज्ञले पालना गर्नु पर्ने आचरण:**

४.५.१ समितिको बैठक बस्नुभन्दा अघि बैठकमा प्रस्तुत भएका प्रस्तावहरु सम्बन्धमा कहीं कतै ब्यक्त गर्न हुदैन ।

४.५.२ समितिको बैठकमा के के विषयमा छलफल भयो र सो बिषयमा क कस्ले के के राय दिए सो ब्यक्त गर्नु हुदैन ।

४.५.३ उमेदवारहरुले कार्यसम्पादन मूल्यांकनमा प्राप्त गरेको अंक कही कतै व्यक्त गर्नहुदैन ।

**५. स्वतन्त्रता, निश्पक्षता, गोपनियता र समानता सम्वन्धि आचरण:**

५.१ समितिका पदाधिकारी एवम् कर्मचारीहरुले प्राधिकरणको संस्थागत एव्म कार्यगत स्वतन्त्रता र निश्पक्षता अभिबृद्धि गर्न हर सम्भव प्रयत्नशिल रहनु पर्दछ ।

५.२ प्राधिकरणको परीक्षासंग सम्बन्धित काममा गोपनियता कायम गर्नु पर्नेछ ।

५.३ समितिका पदाधिकारी एवम् कर्मचारीले समितिको कार्यसम्पादन गर्दा वा पदिय कर्तव्य तथा दायित्व निर्वाह गर्दा बाह्य वा आन्तरिक कुनै पनि क्षेत्रबाट कुनै पनि कारणले प्रत्यक्ष वा परोक्षरुपमा आउने प्रभाव, प्रलोभन, दवाव, भनसुन,

धम्की, आग्रह, आदिबाट प्रेरित वा प्रभावित नभई कानूनको सही रुपमा प्रयोग गरी कार्यसम्पादन गर्नु पर्नेछ ।

५.४ समितिका पदाधिकारी एवम् कर्मचारीले आफ्नो पदीय कर्तब्य पुरा गर्दा स्वतन्त्रतापूर्वक कानून बमोजिम कार्य गर्नुपर्दछ र समितिका अन्य पदाधिकारी एवम् कर्मचारीहरुलाई पनि स्वत्रन्त्रतापूर्वक कार्य गर्न सक्ने सहज वातावरण प्रदान गर्नु पर्दछ । कुनै कार्य खास तरिकाले गर्न वा नगर्न मातहतको कर्मचारीलाई कुनै प्रकारको हस्तक्षेप गर्न वा अनुचित प्रभाव पार्न वा दवाव दिन हुदैन ।

तर, दफा ५.४ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायबमोजिमका कार्य गर्न बाधा पर्नेछैन:

(क) कानून बमोजिम निर्देशन दिन वा आदेश दिनलाई बाधा पुऱ्याएको मानिने छैन ।

(ख) प्राधिकरणको कामको निश्पक्षताको लागि दक्ष/बिज्ञ वा आफ्नो मातहतको कर्मचारीसंग सो काममा सहयोग पुग्ने वा सतर्कता अपनाउने उद्धेश्यले गरिने छलफल वा रायलाई अनुचित प्रभाव पर्न दवाव दिएको मानिनेछैन । र

(ग) पदाधिकारी वा कर्मचारीले आफ्नो सहायकलाई आबश्यक निर्देशन दिई काममा लगाउन बाधा पुऱ्याएको मानिने छैन ।

५.५ समितिका पदाधिकारी एवम् कर्मचारीले कुनै पनि प्रकारको मोलाहिजा, पक्षपात वा पूर्वाग्रह नराखि आफ्नो पदिय कर्तव्यको पालना गर्नु पर्दछ ।

५.६ समितिका पदाधिकारी एवम् कर्मचारीले सेवाग्राहीहरु प्रति र एक आपसमा समेत सम्मानजनक र मानवीय ब्यबहार गर्नु पर्दछ ।

५.७ समितिका पदाधिकारी एवम् कर्मचारीले प्राधिकरणको काम कारबाहीमा असर पर्ने गरी वा समितिको निश्पक्षता, गोपनियता वा बिश्वासनियतामा आँच पुग्ने गरी जानाजान कुनै प्रकारको टिकाटिप्पणी वा आलोचना गर्न वा सार्वजनिक वा अन्य कुनै रुपमा अभिब्यक्ति दिनु हुँदैन ।

५.८ प्राधिकरण प्रतिको जनविश्वास अभिबृद्धि गर्न समितिका पदाधिकारी एवम् कर्मचारीले आफ्नो ब्यबसायिक तथा निजी जीवनमा उच्चस्तरको आचरण प्रर्दशन गरी समाजमा उदाहरणीय रुपमा प्रस्तुत हुने प्रयास गर्नु पर्दछ ।

## ६. सदाचार र अनुशासनसम्बन्धी आचरण:

### ६.१ समितिका पदाधिकारी एवं कर्मचारीहरुले देहायका कार्यहरु गर्नु पर्नेछ :

६.१.१ आफुले सार्वजनिक संस्थालाई तिर्नुपर्ने, फछ्र्यौट गर्नु पर्ने वा बुझाउनु पर्ने रकम, कर दस्तुर, दण्ड जरिवाना वा महशुल कानून बमोजिम बुझाउनु पर्दछ ।

६.१.२ प्राधिकरणको उद्देश्य, नीति, कार्यक्रम, मूल्य एवम् मान्यता प्रति सदा समर्पित भई रहनु पर्दछ ।

६.१.३ प्राधिकरणको परीक्षा सम्बन्धी कार्य लगायत अन्य पदिय कर्तव्य पालना गर्दा विना पूर्वाग्रह गोपनियता कायम राखि ईमान्दारी तथा दक्षताका साथ गर्नु पर्नेछ ।

६.१.४ समितिका अधिकार प्राप्त पदाधिकारी वा समितिका काममा संलग्न दक्ष/बिज्ञ वा कर्मचारीबाट भएका काम कारबाहीको निश्पक्षता र गोपनियतामा असर पर्ने कुनै कार्य भएको छ भन्ने जानकारी प्राप्त भएमा समितिलाई त्यसको जानकारी दिनु पर्नेछ ।

**६.२ समितिका पदाधिकारी एवं कर्मचारीहरुले देहायका कार्यहरु गर्न हुन्छ :**

६.२.१ लोक सेवा आयोगद्वारा सञ्चालन हुने परीक्षाको पुर्व तयारी कक्षाको सञ्चालन तथा संयोजनदेखि बाहेक प्राधिकरणको काम कारबाहीमा प्रतिकुल प्रभाव नपर्ने गरी आफुले बिशेषता हासिल गरेको विषयमा लिखित वा मौखिक परामर्श र प्रवचन दिन वा परीक्षा सम्वन्धि कार्यमा संलग्न हुन तथा अध्ययन, अनुसन्धान र अध्यापन गर्न सक्नेछ ।

६.२.२ साहित्य, कला, संस्कृति, खेलकुद, ज्ञान, बिज्ञान, प्रविधि, मनोरञ्जनसम्वन्धी र पेशागत एवम् सामाजिक संस्थाहरुमा सदस्य हुनु र त्यस्ता मञ्चहरुमा सहभागी हुन सकिनेछ ।

६.२.३ राजनैतिक दल र सो संग सम्वद्ध भातृ संगठनबाहेक पेशागत संघ संस्थाहरुले आयोजना गरेको सभा, गोष्ठी आदिमा कार्यालयको काममा बाधा नपर्ने गरी सहभागी हुन सकिनेछ ।

६.२.४ समितिले गोप्य राख्नुपर्ने प्रकृतिका विषयहरुबाहेक समितिको उद्धेश्य नीति कार्यक्रमका सम्वन्धमा प्रतिकुल असर नपर्ने खालका लेख, रचना प्रकाशन गर्न सकिनेछ ।

६.२.५ नेपाल सरकार, कानून बमोजिम स्थापित बैंकिङ एवम् वित्तीय संस्था तथा सार्वजनिक कम्पनीहरुले सार्वजनिक रुपमा जारी गरेको ऋणपत्र, शेयर, शेयर खरिद बिक्रि गर्न वा लाभांश लिन सकिनेछ ।

६.२.६ सवैको लागि खुला गरिएको प्रतिष्प्रर्धामा सहभागि भै पुरस्कार, पदक, प्रमाणपत्र एव्म सम्मान ग्रहण गर्न सकिनेछ ।

६.२.७ नेपाल सरकार वा वैदेशिक संस्था वा कुनै सार्वजनिक संस्थाले आयोजना गरेको कार्यक्रम, समारोह, भोज भतेर वा रिसेप्सनमा भाग लिन हुन्छ ।

**६.३ समितिका पदाधिकारी एवं कर्मचारीहरुले देहायका कार्यहरु गर्न हुदैन :**

६.३.१ समितिको सहमति बेगर प्राधिकरणको तर्फबाट कुनै प्रकारको अनधिकृत प्रतिबद्धता वा प्रतिज्ञा गर्न हुदैन ।

६.३.२ समितिको पदाधिकारी एवम् कर्मचारीले कर्तव्य पालना गर्दा जानकारीमा आएको कानून बमोजिम गोप्य राख्नुपर्ने विषय वा कागजात वा ब्यहोरा प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट प्रकाश गर्नु हुदैन ।

६.३.३ आफु र आफ्नो आफन्त वा निकटका नातेदार वा ब्यक्तिहरुसंग सम्वन्धित कुनै काम गराउन वा नगराउन आफु कार्यरत वा अन्य निकायका पदाधिकारीलाई दवाव दिन वा अनुचित प्रभाव पार्न लगाउन हुदैन ।

६.३.४ समितिका अन्य पदाधिकारी वा कर्मचारीले गरिरहेको गोपनियता कायम गर्नुपर्ने काम कारबाहीका विषयहरुमा अनाबश्यक रुपमा खोजि नीति गर्न वा चासो लिन हुदैन ।

## ७. उपहार तथा कोसेली ग्रहण गर्न नहुने:

७.१ समितिका पदाधिकारी एवम् कर्मचारीले कुनै पनि परीक्षार्थीबाट वा समितिसँग आर्थिक कारोबार गरिरहेको वा समितिबाट सम्पादन हुने कार्यसंग सम्वन्धित ब्यक्ति वा संस्थाबाट कुनै दान, दातव्य, ऋण, आर्थिक वा भौतिक लाभ, उपहार वा कोशेली ग्रहण वा स्वीकार गर्नु हुदैन ।

तर, विशुद्ध पारिवारिक सम्वन्ध र ब्यक्तिगत मित्रताको आधारमा प्रदान गरिएको दान, दातव्य, ऋण, उपहार वा कोसेली लिन हुन्छ ।

७.२ समितिका पदाधिकारीले कर्मचारीबाट र माथिल्लो तहका कर्मचारीले आफु मातहतका निकाय वा अन्तर्गतका निकायका कर्मचारीबाट कुनै किसिमको उपहार तथा कोशेली ग्रहण गर्न हुदैन ।

## ८. पदको दुरुपयोग गर्न नहुने:

८.१ समितिका पदाधिकारी एवम् कर्मचारीले आफ्नो ओहदा एवम् अख्तियारी आफु वा आफ्नो परिवार वा कसैको अनुचित लाभ पुग्ने गरी प्रयोग गर्नु हुदैन ।

८.२ समितिका पदाधिकारी एवम् कर्मचारीले प्राधिकरणको सम्पत्ति वा सुविधा कार्यालय प्रयोजनको लागि वा आफ्नो पदीय हैसियतलाई सुहाउदो किसिमले बाहेक अन्य ब्यक्तिगत काममा प्रयोग गर्न हुदैन ।

## ९. गैह्र सरकारी संघ/संस्थाको पदाधिकारी हुन नहुने तथा अन्यत्रको रोजगारी स्वीकार्न नहुने:

९.१ समितिका पदाधिकारी एवम् कर्मचारीले दफा ६.२.२ मा उल्लेख भएकोमा बाहेक अन्य कुनै गैह्र सरकारी संघ/संस्थाको पदाधिकारी हुन वा त्यस्तो संस्थाको अनुचित वा गैरकानूनी क्रियाकलापमा संलग्न हुनु हुदैन ।

९.२ समितिका पदाधिकारी एवम् कर्मचारीले प्रचलित कानून बमोजिम बाहेक अन्यत्रको रोजगारी स्वीकार गर्न हुदैन ।

९.३ समितिका पदाधिकारी एवम् कर्मचारीले कुनै राजनैतिक दल वा त्यस्तो दलसित आवद्ध कुनै संघ/संस्थाको सदस्यता ग्रहण गर्न हुदैन ।

## १०. नाता सम्वन्ध भएका ब्यक्ति संलग्न रहेको बिषयको काम कारबाही सम्वन्धमा:

१०.१ समितिका पदाधिकारी एवम् कर्मचारीले आफ्नो नाता सम्वन्ध भएका ब्यक्ति प्राधिकरणको परीक्षामा उमेदवार भएमा निश्पक्षता एवम् गोपनियता कायम गर्नु पर्ने देहायको कार्य वा निर्णय प्रकृयामा संलग्न हुनु हुदैन ।

१०.१.१ परीक्षा केन्द्रमा खटिई परीक्षा संचालन गर्ने काम ।

१०.१.२ परीक्षाको उत्तरपुस्तिकामा संकेत नं. राख्ने काम ।

१०.१.३ परीक्षाको प्रश्नपत्र छपाई गर्ने काम ।

१०.१.४ परीक्षाका प्रश्नपत्र निर्माण,प्रश्नपत्र परिमार्जन र उत्तरपुस्तिका परीक्षण गर्ने/गराउने काम ।

१०.१.५ परीक्षाको लिखित/प्रयोगात्मक/अन्तिम नतिजा प्रकाशन गर्ने कार्य ।

१०.२ निश्पक्षता र गोपनियता कायम गर्नुपर्ने कार्यमा संलग्न हुदै जाँदा नाता सम्बन्ध भित्रको ब्यक्ति देखिन आएमा तत्काल सोको सूचना आफु भन्दा माथिल्लो तहका कर्मचारीलाई दिई सो कार्यबाट अलग हुनुपर्दछ ।

१०.३ लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने कार्यमा संलग्न हुने कर्मचारीले सो पदको अन्तर्वार्तामा संलग्न हुनु हुदैन ।

## ११. आचारसंहिताको अनुगमन:

(१) यो आचारसंहिताको पालना सम्बन्धी अनुगमन देहाय बमोजिमको पदाधिकारीबाट गरिनेछ :

(क) समितिको अध्यक्षको हकमा समितिबाट,

(ख) समितिका सदस्य वा तह १० सम्मका कर्मचारीको हकमा अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यबाट,

(ग) अन्य कर्मचारीको हकमा समितिका सदस्य-सचिव वा निजले तोकेको अधिकृतबाट ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा वा अन्य कुनै स्रोतबाट आचार संहिताको पालना नभएको देखिएमा निम्न अनुसार गरिनेछ:

(क) दक्ष/बिज्ञबाट पालना नभएमा स्वीकृत रोष्टरबाट हटाई निजको नाम कालो सूचीमा राख्ने ।

(ख) कर्मचारीबाट भए सो कार्यमा संलग्न नगराउने तथा प्रचलित कानून बमोजिम बिभागीय कारबाहीको लागि सम्वन्धित निकायमा लेखि पठाउने ।

## १२. खारेजी:

नेपाल बिद्युत प्राधिकरणका पदाधिकारी एवं दक्ष/बिज्ञ र कर्मचारीहरुको आचार संहिता, २०७० खारेज गरिएको छ ।